# समानान्तर आकाशमा नारीवादी चेतना

कमलादेवी न्यौपाने*

Email: ndkamala4@gmaail.com

**लेखसार**

*पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यास नेपाली साहित्यमा विशेषतः नारीवादलाई सशक्त रूपमा प्रस्तुत गर्ने उपन्यासका रूपमा परिचित छ । समाजमा विद्यमान लैङ्गिक विभेद, पुरुषहरूको हैकमवादी प्रवृत्ति, नारी दलनजस्ता समाजमा विद्यमान विभेदको यथार्थसम्मत प्रस्तुति गर्दै अब नारीहरूले यस प्रकारको अन्याय र अत्याचारलाई सहेर बस्नु हुँदैन । आफ्नो हक अधिकारका लागि आफै अघि सर्नुपर्छ । नारीप्रति दमन गर्ने पुरुष सोँचका विरुद्धमा आवाज उठाउनुका साथै महिलाहरूलाई सचेत बनाउनुपर्छ भन्ने उद्देश्यका साथ लेखिएको 'समानान्तर आकाश' उपन्यासले केकस्ता घटना, विषय, पात्रका माध्यमबाट नारीवादी चिन्तनलाई उठाएको छ र नारी वा समानताको सोँच भएका पात्रहरूलाई केकसरी नारी उत्थानको मार्गमा लाग्ने प्रेरणा प्रदान गरेको छ भन्ने औपन्यासिक सन्दर्भमा केन्द्रित रहेर यस उपन्यासलाई नारीवादी सिद्धान्तका सापेक्षमा कसरी विश्लेषण गर्न सकिन्छ ? भन्ने समस्यामा आधारित रहेर 'समानान्तर आकाश' उपन्यासलाई नारीवादका सापेक्षमा विश्लेषण गर्ने उद्देश्य यस लेखको रहेको छ । द्वितीय स्रोतका सामग्री प्रयोग गरी अध्ययनलाई अगाडि बढाएर 'समानान्तर आकाश' उपन्यासलाई कथ्य विषयका रूपमा चयन गरी नारीवादका सापेक्षमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।*

शब्दकुञ्जी : नारीअस्मिता, पितृसत्ता, लैङ्गिक विभेद, विद्रोह, शोषण



* शिक्षण सहायक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)

# FEMINIST CONSCIOUSNESS IN THE *SAMANANTAR AAKASH*

***Kamala Devi Nyaupane***


## Abstract

*Padmavati Singh's novel 'Samanantar Aakash' is known in Nepali literature as a novel that presents feminism in a powerful way. Realizing the existing gender discrimination in the society, the hegemonic tendency of men, the existing discrimination in the society like Women's oppression, women should no longer tolerate this kind of injustice and oppression. They have to move forward for their rights. The novel 'Samanantar Aakash', written with the aim of raising voice against male oppressive thinking towards women and making women aware, has raised feminist thinking through various events, themes and characters and has inspired characters who think of women or equality to take the path of women's upliftment. Focusing on the context, this novel can be analyzed in relation to feminist theory. The purpose of the present article is to analyze the novel 'Samanantar Aakash' in relation to feminism. The study has been carried out using the materials of the second source and the novel 'Samanantar Aakash' has been selected as the narrative subject and analyzed in relation to feminism.*


Keywords : feminism, patriarchy, gender discrimination, rebellion, exploitation

## विषयपरिचय

साहित्यकार पद्मापती सिंहद्वारा लिखित *समानान्तर आकाश* उपन्यास २०६२ सालमा प्रकाशित भएको हो । नेपाली साहित्यमा कथाकारको रूपमा आफ्नो विशिष्ट पहिचान बनाइसकेपछि उनी उपन्यास लेखनमा प्रवृत्त भएको देखिन्छ । साहित्यका विभिन्न विधामा कलम चलाएकी सिंहको मुख्य पहिचान भने आख्यानकारका रूपमा नै छ ।

२००५ साल वैशाख ९ गतेका दिन परशुराम भक्त माथेमा र चन्द्रभुवनेश्वरी माथेमाकी कान्छी छोरीका रूपमा काठमाडौं ओमबहालमा सिंहको जन्म भएको हो । उनले स्नातक तहसम्मको औपचारिक अध्ययन गरेकी छन् । पद्मावती सिंहले २०१५/०१६ सालतिरबाट साहित्यका क्षेत्रमा कलम चलाउन थालेको देखिन्छ । उनको प्रकाशन यात्राको आरम्भ भने २०२२ सालबाट भएको देखिन्छ । २०२२ सालको *आरती* साहित्यिक पत्रिकामा सिंहको सुश्री पद्मा माथेमा नामबाट 'पत्थरको हृदय' शीर्षकको कथा प्रकाशित भयो । त्यसपछि उनी निरन्तर रूपमा लेखन कार्यमा संलग्न भइन् । पहिलो चरणमा कथा तथा गीत लेखनमा सक्रिय सिंहका कथादि .२०३८), कथायाम (२०३९), कथाकार (२०४४), पद्मावती सिंहका कथाहरू (२०५७), मौन स्वीकृति (२०६४), समयदंश (२०६७) गरी आधादर्जन कथासङ्ग्रहहरू प्रकाशित छन् । नारीकेन्द्री कथा लेख्न कथाकारको परिचय बनाएकी

सिंहका कथाहरूरुमा नारीका आन्तरिक र बाह्य समस्या तथा पीडाहरूलाई प्रस्तुत गरिएको पाइन्छ । यिनका कथाहरू नारीका यथार्थ चित्रणका साथै उनीहरूका विद्रोहात्मक तथा चेतनशील गतिविधितर्फ पनि उन्मुख रहेको पाइन्छ (गौतम र अधिकारी, २०६९, पृ.१२४) । सबै वर्ग र क्षेत्रका नारीहरूको चित्रण गर्ने सिंहले नारीहरू पुरुषबाट मात्र नभई नारीहरूबाट पनि पीडित र शोषित हुने गरेको तीतो यथार्थलाई प्रस्तुत गरेकी छन् ।

कथाकारको रूपमा आफ्नो बलियो उपस्थिति र पहिचान बनाएपछि उपन्यास लेखनमा लागेकी पद्मावती सिंहले साहित्यको सेवा गरेवापत थुप्रै सम्मान पुरस्कारहरू प्राप्त गरेकी छन् । उनले प्राप्त गरेका प्रमुख सम्मान पुरस्कारहरूमा रत्नश्री स्वर्णपदक (२०३९), मैनाली कथा पुरस्कार (२०४७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५९), साझा पुरस्कार (२०६२), बनिता पुरस्कार (२०६३), मानचित्र सम्मान ( २०६३), धनर्सी साहित्य सम्मान (२०६४), देवकोटा शताब्दी स्वर्णपदक (२०६७) हुन् ।

पेशागत रूपमा नेपाल परिवार नियोजन संघको प्रकाशन अधिकृतको रूपमा काम गरेकी पद्मावती सिंह गुञ्जन नारी साहित्यिक संघको संस्थापक अध्यक्ष हुन् । वाणी प्रकाशन, जनमत प्रकाशन, साहित्य पत्रकार संघको आजीवन सदस्य सिंह पेन इन्टरनेसनल नेपालको सदस्य र महिला गीतकार संघको सल्लाहकार भएर पनि काम गरेको पाइन्छ । यिनले गुञ्जन, नियोजन, सचेतना पत्रिका तथा नारी साहित्यकारहरूको विधागत इतिहासको सम्पादन कार्यमा संलग्न भएको पाइन्छ ।

संरचनागत ढाँचाका दृष्टिले परम्परागत ढाँचाकै रूपरेखामा तयार पारिएको पद्मावती सिंहको *समानान्तर आकाश*ले नेपालको पहाडी दुर्गम गाउँदेखि तत्कालीन काठमाडौं हुँदै अन्तराष्ट्रिय परिवेशलाई प्रस्तुत गर्दै ती परिवेशहरूमा नारीको स्थान अवस्था आदिलाई प्रस्तुत गर्ने प्रयत्न गरेको पाइन्छ । नारीवादी लेखनका दृष्टिले विशिष्ट पहिचान बनाएको यो उपन्यास विषयलाई समस्याको यथार्थ धरातलमा पुगेर प्रस्तुत गरिएको महत्त्वपूर्ण कृति मानिन्छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत अनुसन्धानमूलक लेखमा नेपाली साहित्यमा कथाकारका रूपमा पहिचान बनाइसकेपछि उपन्यास लेखनमा लागेकी पद्मावती सिंहको उपन्यास *समानान्तर आकाश*लाई नारीवादी सिद्धान्तको सापेक्षतामा कसरी विश्लेषण गर्न सकिन्छ भन्ने मूल समस्यामा केन्द्रित रहेर विश्लेषण कार्यलाई अगाडि बढाइएको छ । प्रस्तुत लेखमा उपरोक्त समस्यासँग सम्बन्धित रहेर पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यासलाई नारीवादी सिद्धान्तका सापेक्षमा विश्लेषण गरी प्रस्तुत उपन्यासमा प्रयुक्त नारीवादी पक्षको निरूपण गर्नु नै प्रस्तुत अनुसन्धानात्मक लेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेख सैद्धान्तिक अध्ययन विधिमा आधारित रहेको छ । यस लेखलाई सम्पन्न गर्न द्वितीय स्रोतअन्तर्गका सामग्रीहरू उपयोग गरिएको छ । सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालय हो भने यस अध्ययनको प्रमुख स्रोत सामग्री पद्मावती सिंहको *समानान्तर आकाश* उपन्यास हो । नारीवादको सैद्धान्तिक पर्याधार निर्माणका लागि सैद्धान्तिक समालोचनात्मक सन्दर्भग्रन्थहरू उपयोग गरी नारीवादका सापेक्षतामा उपन्यासको वस्तुपरक विश्लेषण गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## नारीवादको सैद्धान्तिक अवधारणा

नारीवाद अंग्रेजी फेमिनिजमको नेपाली रूपान्तररण हो । यसलाई स्त्रीवाद पनि भनिएको पाइन्छ । यसको मुख्य ध्येय नारीवर्गको सशक्तिकरण र समाजमा विद्यमान पितृसत्तात्मक व्यवस्थाको विरोध गर्दै पुरुषले नारीहरूप्रति देखाउने हैकमको विरोध गर्नु हो ।

नारीलाई दोस्रो दर्जाको नागरिक सम्झदै त्यही रूपमा व्यवहार गर्ने पुरुषको हैकमवादी प्रवृत्तिका विरुद्धमा आवाज उठाउने कार्यको थालनी अमेरिकी स्वतन्त्रतासङ्ग्राम (सन् १७७७) र फ्रान्सेली राज्यक्रान्ति (सन् १७७८) बाट प्रारम्भ भएको मानिन्छ । मूलतः राजनैतिक विषय बनेर पश्चिमबाट थालिएको यस विधिको यात्रा नारीमुक्तिको सङ्घर्षका रूपमा प्रारम्भ भयो । जीवनका दुःखपीडाहरू बाड्ने क्रममा केही महिलाहरू आपसमा जुटेपछि त्यसले अघोषित सङ्गठनको प्रारूप तयार गऱ्यो भने त्यसले महिलाका पक्षमा सकारात्मक नतिजा देखाउन थालेपछि सङ्गठनको घोषित स्वरूप प्राप्त गरेको हो (त्रिपाठी, २०६७, पृ. ४६०) । विस्तारै नारीवादले साहित्यमा पनि प्रवेश गऱ्यो । नारी अधिकार सम्बन्धी विषयलाई समयसमयमा उठाउँदै आइएको भए पनि राजनीति तथा साहित्यका क्षेत्रमा सचेत रूपमा यस अभियानको थालनी भने सन् १९६० तिरबाट भएको मानिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३७१) । लैङ्गिक विभेदका दृष्टिले जातीय जस्तो लाग्ने विश्वको आधार जनसंख्या ओगटेका नारीहरूको आवाज उठाउने, उनीहरूको स्वतन्त्रताको शङ्खघोष गर्ने र परम्परामा चलिआएका परम्परागत विचारलाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी यहीँबाट भएको मानिन्छ (बराल र एटम, २०५८, पृ. १२४) । नारीवादी साहित्यले साहित्यमा नारीको स्वतन्त्रता र समानताको लागि आवाज उठाउँछ भने असहयोगी भूमिका खेल्ने विषयको विरोध गर्दछ ।

नारीवाद नारीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, नैसर्गिक आदि प्रकारको स्वतन्त्रता र समानताका लागि चलाइएको नारी स्वतन्त्रतासम्बन्धी आन्दोलन हो । यसले सदियौँदेखि नारीहरू पुरुषद्वारा यौनिक एवं अन्य विभिन्न प्रकारका शोषण दमन, अन्याय अत्याचारबाट पीडित भएको ठान्दै त्यसका विरुद्धमा लाग्न नारीहरूलाई प्रेरित गर्दछ (पौड्याल, २०७०, पृ. १०४) ।

नारीवादका दुई रूप छन् उदारवादी र चरमवादी वा विद्रोही । उदारवादी नम्र नारीवादीहरू नारीजातिलाई पूर्ण नागरिकता प्राप्त हुनुपर्छ, उनीहरूलाई सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रहरूमा लोग्नेमान्छेले जति नै अधिकार प्राप्त हुनुपर्छ भन्ने मान्यता राख्दछन् (गौतम, २०५९, पृ. ३४४) । उनीहरू समानताका आधारमा पुरुषलाई सहयात्रीकै दृष्टिले हेर्दछन् । विद्रोही नारीवादीहरू स्वास्नीमान्छेलाई लोग्नेमान्छेभन्दा माथि देखाउनुका साथै नारीहरूलाई लोग्नेमान्छेबाट अलग बनाएर नारीहरूकै सत्ता स्थापित गर्नुपर्ने धारणा राख्दछन् (गौतम, २०५९, पृ. ३४५) । नारीवादीहरू पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको अवस्था, चरित्रचित्रण नकार्दै नारीहरूका सोँचाइ, अनुभव, क्रियाकलाप एवं गतिविधिहरूलाई विशेष महत्त्व दिँदै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको पाइन्छ (लुइटेल, २०६७, पृ. ४००) । नारीजातिका तर्फबाट बुझ्नेर बुझाउने तथा नारीहरूलाई सामाजिक सांस्कृतिक, धार्मिक, बौद्धिक आदि पक्षमा भएका विभेदहरूबाट मुक्त गरेर आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नारीवाद हो । नारीवाद एउटा सिद्धान्त र चिन्तन मात्र नभएर आफैमा पितृसत्ताका विरोधमा देखिएको विद्रोह हो (अधिकारी, २०७४, पृ. २६) ।

साहित्यका माध्यमबाट नारीवादी दृष्टिकोणलाई सशक्त रूपमा उठाउने स्रष्टाहरूमा मेरी उल्स्टोनक्र्याफ्टले, जोन स्टुअर्ट मिल, मार्गरेट फुलर, टिबेका वेस्ट, भर्जिनिया उल्फ, डोरोथी रिचर्डसन, साइमन द बुभा, पर्दछन् । यिनीहरूबाट विकसित भएको नारीवादलाई म्यारी एल्मन, केट मिलेट, मिसेल बारेट, जर्मिन ग्रियर, सान्ड्रा गिल्बट्र, सुसान गुबार, टोरिल मोई, एलेन सोवाल्टर, प्याट्रिसिया मेयर स्याक्स, एलेन मुर्स (शर्मा र लुइटेल, २०६१, पृ. ३७४) जस्ता आङ्ग्ल अमेरिकी तथा जुलिया क्रिस्थिभा, एल् इरिग्यारी, हेलेन सिकस आदिले विकसित तुल्याएका हुन् ।

नेपाली साहित्यमा प्राथमिक कालमै बधु शिक्षा आदि रचनामा लैङ्गिक विभेदको स्वरूप देख्न पाइन्छ भने रामकृष्ण शर्माका समालोचनात्मक अभिव्यक्ति लैङ्गिक दृष्टिकोणले नारीवादका पक्षमा प्रस्तुत भएको मान्न सकिन्छ । औपचारिक रूपमा हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* नारीवादको प्रयोग भएको उपन्यास हो भने बालकृष्ण समको *स्वास्नीमान्छे* नाटक यस दृष्टिले सशक्त कृति हो । गोपालप्रसाद रिमालका नाटक, पारिजातका कथा, उपन्यास, कविता; बानिरा गिरी, प्रेमा शाह, माया ठकुरी, भागीरथी श्रेष्ठ, शारदा शर्मा, मन्जु माँचुली, पद्मावती सिंह, सीता पाण्डे, सुधा त्रिपाठी, लीला लुइटेल, नीलम कार्की निहारिका, साधना प्रतीक्षा, आदिका रचना तथा समालोचनामा नारीवादी दृष्टिकोण मुखरित भएर देखापरेको पाइन्छ ।

## समानान्तर आकाशमा नारीवाद

नेपाली साहित्यमा स्थापित भैसकेपछि उपन्यास लेखनमा लागेकी पद्मावती सिंहको उपन्यास *समानान्तर आकाश* नेपाली साहित्यमा लैङ्गिकताको विषयलाई उठाएको सशक्त नारीवादी उपन्यास हो । २०१५/१६ सालतिरबाट साहित्यमा कलम चलाउन थालेकी सिंहले २०२२ सालमा 'पत्थरको हृदय' कथा प्रकाशित गरेर साहित्यको औपचारिक यात्रा प्रारम्भ गरेकी हुन् । २०३८ सालमा कथासङ्ग्रह नै प्रकाशित गरेकी सिंहले कथालेखनको चालीस वर्ष लामो औपचारिक यात्रा पार गरेपछि र चारवटा कथासङ्ग्रह प्रकाशित गरिरकेपछि रचना गरेको यो उपन्यास औपन्यासिक लेनका दृष्टिले पहिलो भएर पनि सशक्त कृतिका रूपमा स्थापित छ । आफ्ना कथामा नारीको समुत्थान र प्रगतिका बाधक बनेका पुरुष वर्ग र पितृसत्ताप्रति घोर विमति प्रकट गर्ने र सबै वर्ग र क्षेत्रका महिलाहरूलाई पात्र बनाउने सिंहले (गौतम र अधिकारी, २०६९, पृ. १२४) आफ्नो उपन्यासमा पनि यी कुराहरूलाई यथासम्भव समेट्ने प्रयत्न गरेकी छन् ।

उपन्यासमा प्राय: पारिवारिक सम्बन्धहरूकै आधारमा गरिने लैङ्गिक हिंसालाई प्रस्तुत गरिएको पाइन्छ तापनि सामाजिक तहमा, कार्यालयहरूमा गरिने विभेदका साथै यौन हिंसाको सिकार हुनुपर्ने जस्ता घटनाहरूलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

प्रथम पुरुष कथन पद्धतिको प्रयोग गरिएको यस उपन्यासमा उपन्यासको केन्द्रीय पात्र सुस्मिता प्रधान लोग्नेसँगको सम्बन्ध बिग्रिएपछि छोराछोरीको पालनपोषण गर्नुका साथै आर्थिक आत्मनिर्भरताका निम्ति जागिरको सिलसिलामा काठमाडौंको घर छोडेर दुर्गम पहाडी गाउँमा जानुपरेको सन्दर्भबाट कथानकको विकास भएको पाइन्छ । उपन्यासको एउटा कथानक सुस्मिताको पेसागत जीवन रैखिक ढाँचामा अगाडि बढाइएको उपन्यासमा सुस्मिताको लोग्नेसँगको सम्बन्ध, स्विटीको दुर्घटित जीवनलगायतका घटनाहरू पूर्वस्मृतिका रूपमा प्रस्तुत भएका छन् ।

होटल व्यवसायी अविनाससँग वैवाहिक सम्बन्धमा गासिन पुगेकी सुस्मिता स्वयं शिक्षित हुन्छे र आफू पनि केही गर्न चाहन्छे । परन्तु अविनाश बाहिर गर्नुपर्ने सार सङ्घर्ष आफूले गर्ने बताउँदै सुस्मितालाई आफू घर आउँदा हँसिली र फरासिली भएर प्रस्तुत हुनुपर्ने बताउँछ । ऊ भन्छ "तिमी घरकी शोभा हौ । घरको शोभालाई घरबाहिर हेर्न म चाहन्नँ । घर फर्कंदा तिमीलाई म स्वच्छ तथा ताजा हेर्न चाहन्छु" (पृ. १०) । अविनाशको यस अभिव्यक्तिमा उसको पुरातनवादी चिन्तनको परिचय पाइन्छ । अविनाश पत्नी सुस्मितालाई माया त गर्छ तर ऊ सुस्मिताको सौन्दर्यलाई अधिक महत्त्व दिन्छ जो सुस्मितालाई मन पर्दैन । एक दिन घरको सरसफाइका कारण थकित र अव्यवस्थित देखिएकी सुस्मितालाई हेरेर भन्छ "तिमी आज किन औइलाएकी ? आजकल तिमी केही अल्छी हुँदै गैरहेकी छ्यौ । ... तिमीलाई थाहा छैन म तिम्रो रूप र सौन्दर्यको पुजारी हुँ" (पृ. १०) । सुस्मितालाई अविनाशको सौन्दर्यमोह मन पर्दैन र ऊ भन्छे "रूप र सौन्दर्य भन्ने कुरा त क्षणिक हुन्। यस्तो

क्षणिक कुराप्रति तिमी किन बढी मोह राख्छौ हँ ?" (पृ. १०) यसरी पत्नीको आत्मीय सौन्दर्यको कामना गर्नुपर्ने अविनाश दैहिक सौन्दर्यप्रति आशक्त छ । यस सन्दर्भको माध्यमबाट उपन्यासकारले पुरुषहरू नारीलाई जीवनको सहयात्रीका रूपमा नहेरेर घरको सौन्दर्यसाधक सम्झन्छन् भन्ने कुराप्रति लक्षित गर्दै पुरुषहरूको यसप्रकारको सोँच चिन्तनको विरोध गर्न खोजेको प्रतीत हुन्छ ।

सधैजसो दिनभर रमा एक्लै हुने सुस्मिता एकरात अविनाशसँग सन्तानको चाहना व्यक्त गर्छे । एक विवाहित नारीले समयानुकूल सन्तान सुखको अपेक्षा गर्नु स्वाभाविक पनि हो । परन्तु सुस्मिताको आग्रहललाई अस्वीकार गर्दै अविनाश भन्छ "सन्तान जन्मेपछि आइमाईको यौवन ढल्छ । त्यसैले केही वर्ष म सन्तान पाउन चाहन्न" (पृ. ११) । सुस्मिताले आफूले सन्तानका लागि ढिपी गर्दा ऊ भन्छ "ठिकै छ, तिमी सन्तान पाएर रमाइरहू तर यदि केही री म तिमीबाट टाढा भएँ भने 'उफ्' समेत भन्न पाउँदिनौ, बुझ्यौ ?" (पृ. ११) उपन्यासमा अविनाश यस्तो पुरुषका रूपमा उपस्थित भएको छ जो वैवाहिक जीवनका अन्य सारा कुरा र जिम्मेवारी बिर्सेर पत्नीलाई मात्र सौन्दर्य उपभोगको वस्तु बनाउन चाहन्छ । उसको भनाइबाट यदि बाह्य सौन्दर्य कम हुन गएमा पत्नीलाई वास्ता नगर्नेसम्मको सोँच उसमा विद्यमान छ ।

सुस्मिताको बाह्य सौन्दर्यमा आशक्त अविनाश सुस्मितासँग उसको मातृत्वको अधिकार चाहना खोस्न चाहन्छ तर सुस्मिता आफ्नो निर्णयमा दृढ बन्दै दुई वर्षको अन्तरालमा आस्था र आकाशलाई जन्म दिन्छे । सन्तान जन्मिएपछि अविनाशले सुस्मितालाई पहिलाकोजस्तो वास्ता गर्न छोड्छ । धेरै समयपछि ऊ पुनः सुस्मितालाई भन्छ "तिमी हेल्थ फिटनेस सेन्टर जाऊ । आफ्नो शरीरलाई सुडौल बनाऊ । ब्युटिपार्लरमा गएर आफ्नो शरीर निखार । यस घरमा सबै सामाजहरू सुन्दर छन् । घरकी मालिक्नी पनि घरसुहाउँदो सुन्दर हुनुपर्छ" (पृ. १८) । यसप्रकारको पटकपटकको अविनाशको पत्नीको बाह्य सौन्दर्यप्रतिको आशक्ति सुस्मितालाई पटक्कै मन पर्दैन । यसप्रकारको दैहिक सौन्दर्यप्रतिको मोहलाई सुस्मिता वासनामात्र भएको मान्छे ।

सुस्मिताको शारीरिक सुन्दरता कम हुँदै गएपछि अविनाश घरप्रति उदासीन बन्दै जान्छ र ऊ अन्य स्त्रीसँग सम्पर्कमा रहन्छ । यो थाहा पाएपछि सुस्मिताले घर आफू र बच्चालाई वा त्यस आइमाइलाई रोज्न भन्छे । अविनाश घर छोडेर हिँड्छ । यसरी उपन्यासमा अविनाशलाई नारीका आत्मिक तथा भावगत सौन्दर्यलाई महत्त्व नदिएर दैहिक सौन्दर्यलाई महत्त्व दिने र साधनको रूपमा उपयोग गर्न खोज्ने पुरुष प्रवृत्तिको प्रतिनिधि बनाएर उपन्यासमा प्रस्तुत गरिएको छ ।

उपन्यासमा सुस्मिता र अविनाशबीचको सम्बन्ध र अविनाशले सुस्मितालाई दमन गर्न खोज्नु, शिक्षित र सहरमा हुने लैङ्गिक विभेदको प्रतिनिधित्व गर्ने घटना हो । ग्रामीण समाजमा पनि यस प्रकारको लैङ्गिक विभेद हुने गरेको छ भन्ने कुरालाई समेत उपन्यासमा प्रस्तुत गरिएको छ ।

अविनाशसँग सम्बन्ध बिग्रिएपछि छोराछोरीको पालनपोषण र जीविकोपार्जनका निम्ति सामाजिक संस्थामा नोकरी गर्न थालेकी सुस्मिता पहाडी दुर्गम र विकट गाउँमा महिला विकास कार्यक्रम लिएर पुग्छे । गाउँ पुग्दाको दिन नै गा.वि.स. अध्यक्ष सन्तबहादुर गुरुङले "क्यानाम, काठमाडौंको मान्छे... पहाडको ठाउँमा के टिक्नुहोला र ?" (पृ. ५) भन्छन् । गुरुङको यस अभिव्यक्तिलाई सुस्मिताले नारी भएकोले टिकेर काम गर्न सक्दैनन् भनेको भन्ने अर्थ लगाउँछे र प्रण गर्दै फिल्डमा कार्यक्रमका लागि पहिलादेखि नै पुगेकी स्विटीलाई भन्छे "मर्दले आँटे जे पनि गर्न सक्छन् भन्छन् । अब महिलाले पनि आँटेमा जे पनि गर्न सक्छन् भनेर प्रमाणित गरेर देखाउनुपर्छ हामी दुवैले" (पृ. ५) ।

उपन्यासमा ग्रामीण महिला र पुरुषवीचको कार्यगत असमानतालाई देखेर सुस्मिता र स्विटी असन्तुष्टि प्रकट गर्छन् । ग्रामीण महिलाहरूको जीवन ज्यादै कठिन रहेको उनीहरू विहानै उठेर घरधन्दामा लाग्ने र आधारातसम्म विश्रा मगर्न नपाउने, केटाकेटी उनीहरूले नै स्याहार्नुपर्ने बाध्यता रहेको कुरा औँल्याइएको छ । त्यही समाजमा पुरुष भने अत्यधिक स्वच्छन्द हुन्छन् । लोग्नेमान्छे एकठाउँमा जम्मा भएर तास खेल्ने र रक्सी खाने गर्छन् । यो असमानता लैङ्गिक विभेदको परिणाम हो भन्ने उपन्यासले देखाएको पाइन्छ ।

गाउँका युवाहरूको नारीजातिप्रतिको धारणा यस्तो छ “छिः आइमाई पनि मान्छे हो र ... पूर्वजन्मको पापको फलले आइमाईको जुनी लिइन्छ भनिन्छ । त्यसैले जन्मदेखि मृत्युपर्यन्त दुःख र अपमान भोग्नुपर्छ आइमाईहरूले” ( पृ. १४) । सुस्मिताले प्रतिवाद गर्न खोज्दा एक युवक स्पष्ट भन्छ “आइमाईहरूलाई त पशुसरह वा पूर्वजन्मको पाप ठानिन्छ हाम्रो गाउँठाउँमा” (पृ. १४) । पुरुषहरूले मात्र होइन स्वयं नारीहरू पनि आफूलाई पशुसरह वा पूर्वजन्मको पाप ठान्छन् भन्ने कुरा चियापसल्नीले “त्यो भाइले भनेको कुरा ठिक त हो नि” (पृ. १५) भनेकोबाट स्पष्ट हुन जान्छ । जुन युवक नारीजातिलाई पापको परिणाम ठान्छ ऊ स्वयं दिनभरि गाउँमा हिड्ने, रक्सी खाने, तास खेल्ने र घरमा गएर श्रीमतीलाई पिट्ने गरेको गुनासो सुस्मितासँग उसकी आमाले गरेकी छ ।

उपन्यासमा लैङ्गिक विभेदका दृष्टिले ग्रामीण महिला कृष्णमायाको जीवन पनि ज्यादै महत्त्वपूर्ण बनेर देखापरेको छ । उसको बाल्यकाल कारुणिक देखिन्छ । बाबुको निधनपछि पोइल गएकी आमाले दुःखका साथ हुर्क्याएर तेह्र वर्षको उमेरमा विहे गरिदिएपछि तीन वर्षमा दुई सन्तान जन्माएकी कृष्णमायालाई छोडेर लोग्ने लाहुरमै घरजम गरी बस्छ । सासुले पिटेर घरबाट निकालेपछि माइत गएकी कृष्णमायालाई भाउजूले हेला गरेपछि ऊ कप्तानसँग बिहे गर्छे तर कप्तान पनि रक्सी खाएर पिट्छ । कृष्णमायाको यस जीवनभोगाइले नारीले जहाँ गए पनि जस्तो अवस्थामा पनि यातना सहनुपर्ने विवशतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । नारी आत्मनिर्भर नभएकै कारण यातना सहनुपरेको हो भन्ने देखाइएको यस उपन्यासमा सुस्मिताले कृष्णमायालाई आफ्नै कार्यालयमा कार्यालय सहयोगीका रूपमा काम दिएपछि कृष्णमायामा आएको आत्मनिर्भरतासहितको निडर स्वभाव र त्यसपछि कप्तानमा कृष्णमायाप्रति सहयोगी भावनाको विकास हुनु र माया बढ्दै जानु जस्ता सन्दर्भहरूले पुष्टि गरेको छ ।

उपन्यासमा नारीहरूप्रतिका अनेकौं नकारात्मक धारणाहरूलाई विभिन्न प्रसङ्गमा प्रस्तुत गरिएको पाइन्छ । कृषि कार्यक्रम संयोजकको जिम्मेवारी लिएर सुस्मिताहरूको कार्यक्षेत्रमा गएको रविन शर्माले भन्छ “मान्छे त तपाइँ साह्रै साहसी हुनुहुँदो रहेछ । एउटी महिला भएर पनि !” (पृ.३६) यस अभिव्यक्तिमा ‘महिला भएर पनि’ भन्ने वाक्यले नारीहरू कातर हुन्छन् भन्ने आशय प्रकट गर्दछ तर उपनयासमा नारीहरूको हिम्मत र आँटलाई ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । यही प्रसङ्गमा स्विटीले रविन शर्मालाई जवाफ दिँदै भन्छे “महिला भएर भनेर चाहिँ नहोच्याउनुहोस् । साहस र आत्मविश्वास नभए हामी फिल्डमा काम गर्न आउने नै थिएनौं ...” (पृ. ३६) ।

वास्तवमा साहस र आत्मविश्वास लैङ्गिक विषय होइन भन्ने कुराको पुष्टिका लागि उपन्यासमा यिनै पात्रहरूको प्रयोग गरिएको पाइन्छ । जहाँ सुस्मिताले छ वर्षसम्म र स्विटीले वर्षौंसम्म काम गर्छन् त्यही फिल्डमा रविन शर्मा छ महिना पनि काम गर्न नसकेर नोकरी नै छोडेर हिँडिदिन्छ । उसले फिल्डमा जानासाथ भनेको पनि हुन्छ “सायद म बस्दिन हुँदा यस्तो दुर्गम ठाउँमा” (३५) ।

महिलाहरूलाई शिक्षित र सचेत तुल्याएर आत्मनिर्भर भएको देख्न नसक्ने पुरुष वर्ग महिला विकास कार्यक्रमको विरोध गर्छन् । एक पुरुषले भन्छ “महिला विकास, भुत्रो महिला विकास ! केही सहरी महिलाहरू आएर हाम्रा महिलाहरूलाई भाँड्ने काम गरिरहेका छन्” (पृ.४२) । जुन समाजका पुरुषहरू महिलाहरूलाई

पुरुषको अधिनमा बसेर घरको काम गर्ने, बच्चा जन्माउने र हुर्काउनेमात्र हो भन्ने ठान्छ ती पुरुषको नारहिरूले सचेततापूर्वक कार्य गरेको देखिसहन्नन् भन्ने कुरा उपन्यासमा देखाइएको छ । मानेगाउँका महिलाहरूले सामुहिक रूपमा प्रयास गरेर वनबाट रुख काटेर, ढुङ्गा माटो बोकेर बनाएको अपिफसमा आगो लगाइदिन्छन् । स्पष्ट रूपमा कसले लगायो भन्ने नदेखिएको भए पनि नारीहरूको उन्नतिका बाधक ईर्ष्यालु पुरुषहरूबाट नै यो काम भएको हो भन्ने उपन्यासको घटनाबाट देखिएको छ ।

लैङ्गिक दृष्टिकोणले उपन्यासमा सर्वाधिक प्रभावकारी पात्र स्विटीलाई देख्न सकिन्छ । सानो बालक शाश्वसका साथ विकट गाउँमा कार्यक्रमसंयोजक बनेर आएकी स्विटी त्यस पूर्व त्यस्तै विकट गाउँमा कार्यक्रमका निम्ति जाने क्रममा बलात्कृत हुन्छे । बाटोमा रात परेकोले विकट गाउँमा बास माग्न पुगेका स्विटी र उसको साथी उउटै कोठामा बास बस्नुपर्ने अवस्था सिर्जना हुन्छ । राति युवकले उसलाई बलात्कार गर्छ । त्यसो त घटना भैसकेपछि युवकले विवाहको प्रस्ताव राख्छ तर स्विटी आफू बलात्कारी पुरुषसँग जीवन बिताउन नसक्ने बताउँदै उसलाई तिरस्कार गर्छे । युवकले दुवै अविवाहित रहेकोले विवाह गरौँ भन्दा “विवाह, त्यो पनि तिमीजस्तो बलात्कारीसित ?” (पृ. ७३) भन्छे ।

स्विटीको जीवनमा योभन्दा भयावह अर्को दुर्घटना हुन्छ । ऊ त्यही बलात्कारबाट गर्भवती बन्न पुग्छे । नारीका लागि कुमारी अवस्थामै आमा बन्नुजस्तो सामाजिक, नैतिक दुर्घटना ज्यादै कष्टदायी हुन्छ । स्विटीसँग तीनवटा विकल्प हुन्छन्- त्यही युवकसँग विवाह गर्ने, भ्रुण हत्या गर्ने र कुमारी आमा बन्ने । उसले कुमारी आमा बन्ने निर्णय गर्छे । ऊ आफ्नी निसन्तान फुपूकोमा बसेर बच्चा जन्माउँछे । परिवारबाट समेत बहिस्कार हुन्छे तर ऊ हिम्मत हार्दिन । बच्चालाई लिएर दुर्गम मानेगाउँलाई फिल्ड बनाएर काम गर्न थाल्छे । उसको यो साहसिक निर्णय र सङ्घर्षपूर्ण जीवनलाई देखेर सुस्मिता भन्छे “स्विटी तिमीलाई मैले मानेँ । तिमी धेरै साहसी छयौ । परिस्थितिसित हाँसीहाँसी सामना गर्ने तिमीमा साहस छ” (पृ.७७) । स्विटीको विद्रोही र साहसी चरित्र यतिमात्र होइन । उसलाई बलात्कार गर्ने व्यक्ति समाजको प्रतिष्ठित व्यक्तिका रूपमा परिचित हुन्छ, स्विटीको रुचि वा चाहना भएमा ऊ जे पनि गर्न तयार हुन्छ र पनि ऊ भन्छे “मैले त्यस पुरुषलाई शाश्वतको पिताको दर्जा नै दिएकी छैन, न पतिको रूपमा नै स्वीकार गरेकी छु । त्यस्तो पुरुषसँग विवाह गर्ने त प्रश्न नै उठ्दैन” (पृ. १३०) । स्विटी मुटु रोगी भएर उपचार गराउँछे । छोरोलाई पढाइका लागि विदेश पठाउँछे तर जुनसुकै सङ्कटको सामना गर्नुपर्दा पनि त्यस लोग्नेमान्छेलाई गुहार्दिन जसर्ला उसले बलात्कारी पुरुष ठानेर बहिष्कार गरेकी हुन्छे ।

उपन्यासमा चेलिबेटी बेचबिखनको विषयलाई समेत समावेश गरिएको छ । सेती तामाङकी बाह्र वर्षकी छोरीलाई बेच्ने उद्देश्यले काठमाडौं हुँदै गोरखपुर पुग्दा बाबुले भेटाएको प्रसङ्ग उपन्यासमा उठाइएको पाइन्छ । उपन्यासमा दाइजो प्रथाका विषयमा समेत आवाज उठाएको पाइन्छ । सुस्मिताका दाइ भाउजूले आफ्नी छोरी अर्पणाको विवाहमा दाइजो दिएकोमा उसलाई मन पर्दैन । ऊ भन्छे “दाजुभाउजूले दिल फुकाएर बिहे गरेकोमा सबैले सराहना गरे पनि मलाई भने बिनसित्तिको धाक र रवाफको प्रदर्शनजस्तो लाग्यो । सम्पत्ति छ भन्दैमा बढी तडकभडक गरेर हुनेले बिहेबारी सम्पन्न गरिदिँदा नहुनेहरूलाई साह्रै मर्का पर्छ” (पृ. ९३) । उपन्यासमा नारी स्वतन्त्रताका उत्कर्षरूपलाई समेत प्रस्तुत गरिएको छ । रविन शर्मा महिना नहुँदै जागिर छोडेर हिँडेपछि उसको ठाउँमा नियुक्ति लिएर गएकी नम्रता अत्याधुनिक र लैङ्गिक तथा यौनिक स्वतन्त्रता चाहने युवती हो । नम्रताले तीस वर्षसम्म पनि अविवाहित रहनुको कारण सोद्धा “म विवाहपद्धतिमा विश्वास गर्दिन । ...विवाह गर्नु भनेको अधीनमा रहनु हो । पुरुषको सामीप्य र संसर्ग जीवनमा आवश्यकता पर्छ । त्यसका लागि विवाहको

बन्धनमा नै बाँधिनुपर्छ भन्ने आवश्यकता म महसुस गर्दिन ...म अविवाहित रहे पनि कुमारीचाहिँ ... छुइन" (पृ. ९७) । त्यतिमात्र होइन उसले तालिमका क्रममा एक अब्राहम नामक इरानी युवकसँग यौन सम्बन्ध राखेको कुरा निस्फिक्री भएर सुनाउँछे ।

उपन्यासमा पुरुषहरू नारीको प्रगति र उन्नतिमा सहयोग गर्नुको साटो उल्टै अवरोध सिर्जना गर्दछन् भन्ने कुराको समेत दृष्टान्त प्रस्तुत गरिएको छ । सुस्मिता प्रमोसन भएर काठमाडौं केन्द्रीय कार्यालयमा गएपछि देवीप्रसाद र हरिहर उसको ईर्ष्या गर्छन् । उनीहरूको स्वभावको टिप्पणी सुस्मिताले यसरी गरेकी छ "ती दुवै सधैँ मेरो कामको त्रुटिहरू केलाउन तत्पर रहन्छन् । एउटी महिलाको अन्तर्गत काम गर्नुपनेकोले दुवै पुरुषोचित अहम् र मानसिकताले गर्दा मप्रति ईर्ष्याको भाव राख्छन्" (पृ. १०५) । ईर्ष्या गर्ने मात्र नभई सुस्मिताले प्रस्तुत गरेका कार्यत्रपत्रमा अत्यधिक खोट देखाएर स्वीकृत हुन नदिने देवीप्रसाद सुस्मिता कार्यरत क्षेत्रमा गई फर्जी प्रतिवेदन बनाई सुस्मिताको कार्य सन्तोषजनक नभएको रिपोर्ट देखाउँछ । सत्यतथ्य पत्ता लगाउन आवाशीय प्रतिनित्रिलाई लिएर सुस्मिता फिल्ड जानुपर्छ । गलत प्रतिवेदन दिएकोले कारवाहीमा परेको देवीप्रसादले नोकरीबाट राजीनामा दिन्छ । उपन्यासमा देवीप्रसादको माध्यमबाट नारीहरूको उन्नति प्रगति देख्न नसक्ने, उनीहरूको उन्नतिमा ईर्ष्या गर्ने र विभिन्न किसिमका जालसाझी गरेर माथि उठ्नबाट रोक्ने पुरुष प्रविृत्तिको चित्रण गरिएको छ । पुरुषमा नारीको मातहतमा काम गर्नु हुँदैन, पुरुष नारीभन्दा श्रेष्ठ वा माथि नै हुनुपर्छ भन्ने अहम् र त्यसो गर्न नसक्दा उत्पन्न हुने हीनताग्रन्थीको परिचायक देवीप्रसाद हो ।

नेपाली समाजमा युवतीहरू पुरुषबाट हरेक क्षण असुरक्षित छन् भन्ने देखाइएको छ । यस सन्दर्भमा सुस्मिताकी छोरी आस्था आफूलाई एक लोग्नेमान्छेले आक्रमण गरेको प्रसङ्ग ऊ सुस्मितालाई यसरी सुनाउँछे "हेर्नुस् न, म आउँदै थिएँ, हाम्रो घर आउनभन्दा अघिको गल्लीमा एउटा प्रौढ मान्छेले मलाई एक्कासी आएर हात हाल्यो । त्यसको र मेरो एकछिन हाताहात भयो । बल्लबल्ल आफूलाई त्यसको पन्जाबाट छुटाएँ" (पृ. १२६) । छोरीमाथिको त्यो दुर्घटना सुनेपछि सुस्मिता आइमाईहरू आफ्नै समाजमा असुरक्षित रहेको टिप्पणी गर्छे र आफूमाथि पनि बाल्यकालमा यौनदुर्व्यवहारको प्रयास भएको बताउँछे ।

पद्मावती सिंहले यस उपन्यासमा कृत्रिम गर्भाधानद्वारा नारीले आमा बन्न पाउनुपर्ने अधिकारको विषयलाई पनि उठाएको देखिन्छ । पितृसत्तात्मक समाजमा विवाहपछि श्रीमतीका कारण यदि सन्तान नहुने अवस्था सिर्जना भएमा लोग्नेमान्छेहरू त्यसलाई नारी (पत्नी) को कमजोरी मान्दै सन्तानकै आवश्यकताले अर्को विहे गर्छन् तर त्यही स्थानमा यदि पुरुष (लोग्ने) को कारण सन्तान नहुने अवस्था सिर्जना भएमा श्रीमतीले कृत्रिम गर्भाधान गर्न सहमति माग्दा पनि मान्दैनन् भन्ने सन्दर्भलाई उठाउँदै यसलाई पुरुषहरूको सङ्कीर्णता ठानेको पाइन्छ । यस्तो विषयको उठानका लागि उपन्यासमा स्वेच्छालाई प्रयोग गरिएको छ । भारतीय युवकसँग विवाह गरेकी स्वेच्छा सुस्मिताकी साथी हो । स्वेच्छाको लोग्नेमा सन्तान जन्माउन सक्ने क्षमता नभए पनि स्वेच्छा आमा बन्न खोज्छे तर उसको लाग्ने "वीर्य प्रदान गर्नेको वंशाणुगत गुण बच्चामा हुने हुँदा कस्तो बच्चा जन्मन्छ त्यो खतरा किन लिने" (पृ. १४५) भन्नेजस्तो बहाना बनाएर स्वेच्छाको कृत्रिम गर्भाधानको लागि सहमत हुँदैन तर अन्त्यमा स्वेच्छाले दृढ निर्णय गर्छे र भन्छे "म कृत्रिम गर्भाधान गर्छु । यदि सफल भएमा आमा बनेर आफ्नो कोखको बच्चाको लालनपालन गर्छु । चाहे उनले स्वीकारुन् या नस्वीकारुन्" (पृ. १५०) । यसरी उपन्यासले यदि लोग्ने सन्तान प्राप्तिमा असक्षम छ भने पत्नीले कृत्रिम गर्भाधारण गर्न पाउनुपर्छ । आमा बन्ने उसको अधिकार हो भन्ने विषयलाई उपन्यासमा उठाएको पाइन्छ ।

सुस्मितालाई आफ्नै घरमा काम गर्ने बुढाले उसले पढेको देखेर "जति पढे पनि के गर्ने, भोलिपर्सि नानीको आची पुछ्नैपर्छ" (पृ. १५३) भन्छ । यसबाट आफ्नै घरमा काम गर्ने नोकर नै भए पनि पुरुषमा नारीप्रति नकारात्मक र हेय दृष्टि रहने गरेको देखिन्छ । उपन्यासमा पारिवारिक र सामाजिक रूपमा गरिने लैङ्गिक विभेदका अनेक घटनाहरूलाई प्रस्तुत गरिएको छ । त्यतिमात्र नभएर राज्यले समेत आफ्नै नागरिकमाथि लिङ्गका आधारमा विभेद गर्ने गरेको प्रसङ्गलाई उपन्यासमा उठाइएको छ । शाश्वत स्विटीको कुमारी अवस्थामा जन्मिएको सन्तान हो । ऊ बलात्कारी पुरुषलाई लोग्नेको स्थान दिन चाहन्न र छोराको परिचय पनि त्यस्ता पुरुषको सन्तानको रूपमा नहोस् भन्ने चाहन्छे । ऊ छोरामाथि आफ्नो निर्णय लाद्न चाहन्न र सबै कुरा सुनाएर आत्मनिर्णय गर्ने अधिकार प्रदान गर्छे । शाश्वत पनि "त्यस्तो मान्छेलाई म बाबुको सम्मान दिन चाहन्नँ । मलाई त्यस्ताको छोरा भनेर चिनाउन पनि मन छैन" (पृ. १३०) तर अध्ययनका निम्ति विदेश जाने तयारीका क्रममा नागरिकता बनाउनुपर्ने हुन्छ त्यसबेला राज्यले आमाका नामबाट नागरिकता दिँदैन । यो राज्यले गर्ने लैङ्गिक विभेद हो । स्विटी भन्छे "श्रीमान्को ठेगान नहुने मजस्ती बलात्कार तथा यौन सम्पर्कबाट बाध्यतावस आफ्नै धर्तीमा जन्मिने सन्तानलाई नागरिकता नपाउनु र अन्या र असमानता होइन र ?" (पृ.१७४) । स्विटीले आफ्नो नामबाट छोराको नागरिकता बनाइदिने अधिकार नपाएपछि पछिललो समयमा दाई भाउजूबाट स्वीकृत भएकी स्विटीले दाई भाउजूको धर्मपुत्र बनाई उनीहरूकै नामबाट नागरिकता दिलाएर उसलाई विदेश अध्ययनका निम्ति पठाउछे ।

सुस्मितालाई छोडेर जुन आइमाईको पछि लागेको हुन्छ त्यस आइमाईलाई समेत त्यागेर दुई सन्तानसितकी आइमाईसँग लागेर जापान गएको अविनाश एक दिन साँझ परेपछि सुस्मितालाई खोज्दै घरमा आउँछ तर उसले अविनाशलाई बहिष्कार गरेर निकालिदिन्छे ।

यसरी समानान्तर आकाश एउटा शक्तिशाली नारीवादी उपन्यासका रूपमा देखिएको यस उपन्यासले नारीवादी भएर पुरुष श्रेष्ठ हो भन्ने परम्परागत आस्था, मान्यताको विपरित समानान्तर जीवनको चाहना ( प्रधान, २०६२, पृ. क) प्रस्तुत गरेको पाइन्छ । उपन्यासको शीर्षक *समानान्तर आकाश*ले पनि समाजको समाज रूपमा प्रतिनिधित्व गर्ने नारी वर्गलाई सङ्केत गरेको देखिन्छ । त्रिपाठीको "सदिऔँदेखि आफ्नो आकाश गुमाएकाहरूलाई सो आकाश खोज्ने हातहरू र आँट मात्रै प्रदान गरिएको छैन, तिनको आफ्नै आकाश ओढ्न भ्याएको समेत देखाइएको छ" (२०६२, पृ. ढ) भन्ने अभिव्यक्ति उपन्यासका विविध घटनाक्रमहरूबाट पुष्टि भएको देखिन्छ ।

उपन्यासमा सुस्मिताले आफ्नै लोग्नेलाई घरबाट निकालेर छोराछोरीको पालनपोषणका निम्ति काठमाडौं छोडेर दुर्गम गाउँमा काम गर्न जानु र अनेक समस्या र विघ्नसँग प्रतिकार गर्दै एक सफल नारी नेतृत्वको पहिचान बनाएकी छ । महिला सशक्तिकरणका लागि महिला शिक्षित, स्वावलम्बी, चेतनशील र अस्तित्वसचेत हुनुपर्ने दृष्टिकोणको प्रस्तुतिका साथै महिलाप्रतिको सामाजिक दृष्टिकोण र यथास्थितिको विरोध गरिएको ( लुइटेल, २०६९, पृ. २८८) यस उपन्यासकी कृष्णमाया वेरोजगार र लोग्नेमा आश्रित भएकैले उसबाट यातना सहने पात्र हो । कृष्णमायाले आत्मनिर्भर भएपछि कप्तानले उसलाई धम्क्याउन छोडेको, सहयोग र माया गरेको सन्दर्भ यसका दृष्टान्त हुन् । नारीलाई पूर्वजन्मको श्राप सम्झने चन्द्रप्रकाश पत्नीले कमाउन थालेपछि आफू पनि शिक्षण पेशामा लागेर परिवर्तित भएको छ । स्विटी यौन शोषण (बलात्कार) बाट गर्भधारण गरेकी कुमारी आमा हो । आफूलाई बलात्कार गर्ने पुरुषले आफ्नो गल्ती स्वीकार्दै अवलम्बन गर्न खोज्दा पनि यौनपिपासु बलात्कारी पुरुष सम्झदै बहिष्कार गर्छे र छोराको उचित पालनपोषण गर्छे । गाउँमा नारीहरूमाथि गरिने अन्याय र त्यसका विरुद्धमा गरिरएको विद्रोहका साथै सहरहरूमा हुने अन्याय अत्याचारका घटना यौन शोषण र

अन्यायका घटनाहरू र त्यसका विरुद्धमा नारीहरूले चालेको कलियो पाइला उपन्यासमा ज्यादै प्रभावकारी रूपमा प्रस्तुत भएको छ । नारी पुरुषका विच एक अर्कामा सहयोग, सद्भाव र सम्मानको वातावरण सिर्जना हुनुपर्ने, अन्तर्जातीय तथा अन्तर्राष्ट्रिय विवाहलाई प्रश्रय दिने (लुइटेल, २०६९, २८९) मात्र नभई नारीहरूलाई कुमारी आमा बन्नेदेखि अविवाहित अवस्थामै यौनसम्बन्ध राख्न स्वतन्त्र रहनुपर्ने, स्वैच्छिक यौनसम्बन्धलाई निर्धक्क भएर समाजमा बताउन सक्ने सन्दर्भ उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

## निष्कर्ष

पद्मावती सिंह नेपाली साहित्यमा प्रतिभाशाली आख्यानकारको रूपमा परिचित छन् । २०२२ सालबाट साहित्यमा औपचारिक रूपमा प्रवेश गरेकी सिंहका आधादर्जन कथासङ्ग्रह प्रकाशित छन् । चालीस वर्षसम्म कथासाधनापछि उपन्यास लेखनमा प्रवृत्त भएकी सिंहको *समानान्तर आकाश* लैङ्गिक विभेदको विषयलाई उठाइएको र लैङ्गिक समानताको सन्देश सम्प्रेषण गरिएको प्रभावशाली कृति हो ।

सिंहको यस उपन्यासले नेपाली दुर्गम ग्रामीण समाजमा विद्यमान लैङ्गिक विभेदको विषय, नारीहरूप्रति पुरुषहरूले गर्ने अन्याय, अच्याचार, दमन शोषण, नारीप्रतिका नकारात्मक दृष्टिकोण, चेलिबेटी बेचविखन लगायतका विषयहरूलाई उठाइएको छ । नारीहरूलाई पूर्वजन्मको पापको परिणाम सम्झने पुरुषवर्ग उनीहरू घरभित्रको काम गर्ने बच्चा जन्माउने र तिनको स्याहार गर्ने जस्ता कार्यमै सीमित रहनुपर्ने मान्यता राख्छन् भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । रक्सी खाने, तास खेल्ने, अनावश्यक गफमा समय बिताउने ग्रामीण भेगका पुरुषहरू नारीहरूले उन्नति प्रगति गरेको देख्न सक्दैनन् भन्ने कुरा विभिन्न घटनाहरूको माध्यमबाट प्रस्तुत गरिएको छ ।

शिक्षित र चेतनशील समाजका साथै सहरहरूमा समेत नारीहरूले प्रगति उन्नति गरेको देख्न नसक्ने पितृसत्तात्मक चिन्तन रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । हरेक कुराको निर्णय पुरुषद्वारा हुन्छ र नारीले त्यसलाई कुनै प्रतिकार नगरी स्वीकार्नु पर्छ भन्ने पितृसत्तात्मक चिन्तनले ग्रसित नेपाली समाजको चित्रण गर्दै त्यसप्रतिको आलोच्य दृष्टिकोण उपन्यासमा प्रस्तुत गरिएको छ ।

सुस्मिता लोग्नेद्वारा आफ्नो नियन्त्रण र निर्देशनमा परिचालिन नभएर लोग्नेलाई नै परित्याग गरी छोराछोरीको पालनपोषण गर्ने महिलाको प्रतिनिधित्व गर्ने पात्र हो भने स्विटी बलात्कारी पुरुषलाई बहिष्कार गर्ने र समाजको डरले भ्रुणहत्या गर्नु हुँदैन भन्दै माइतीले बहिष्कार गर्दा समेत दृढ भएर सन्तानलाई जन्म दिने र हुर्काउने साहसी नारी हो । सहरमा हुर्किएर शिक्षित भएर पर्ना दुर्गम गाउँमा काम गर्न जाने यी दुवै नारी नारीचेतनाका वाहक हुन् । सुस्मिताको श्रीमान अविनाश, चन्द्रप्रकाश, शिवप्रसाद, हरिहर पितृसत्तात्मक पुरुष मानसिकताका प्रतिनिधि पात्र हुन् भने प्रभात शंकरप्रसाद समानताको नारीवर्गलाई सम्मान गर्ने वर्गका प्रतिनिधि पात्र हुन् । सन्तबहादुर गुरुङ प्रारम्भमा नारीलाई कमजोर ठान्ने तर सङ्घर्षशील नारीको सम्मान गर्ने व्यक्ति हुन् । रविन शर्मा जीवन सङ्घर्षबाट भाग्ने पुरुष हो । यसका माध्यमबाट पुरुषहरू पनि सबै सक्षम र साहसी हुँदैनन् । पुरुषले गर्न नसक्ने काम समेत नारीले गर्न सक्छन् भन्ने पुष्टि गर्न सिर्जना गरिएको पात्र हो । उपन्यासमा स्वेच्छाका माध्यमबाट महिलाको मातृतवको अधिकारलाई पुरुषले दमन गर्न खोजेको र नारीले आफ्नो मातृत्वको अधिकारलाई प्राप्त गर्न कठोर बन्नुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेकी छ । त्यसैगरी नम्रताका माध्यमबाट यदि पुरुषहरूमा यौन स्वतन्त्रता स्वीकार्य छ भने यो नारीले पनि प्राप्त गर्न पाउनुपर्छ र सक्नुपर्छ भन्ने विचार सम्प्रेषण गरिएको छ ।

*समानान्तर आकाश* उपन्यासका माध्यमबाट पद्मावती सिंहले समाजमा विद्यमान लैङ्गिक विभेदको चिण गर्दै समाजमा विद्यमान पितृसत्तात्मक चिन्तनको विरोध गरेकी छन् । सबै पुरुष सक्षम हुँदैनन् र नारीहरूले पनि

अवसर प्राप्त गर्न सकेमा पुरुषले जस्तै नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन् । समाजको नेतृत्व गर्न सक्छन् भन्ने देखाइएको यस उपन्यासमा समाजमा नारीको अस्तित्व पुरुषसरह स्वीकारिनुपर्छ, नारी र पुरुष जीवन, परिवार, समाज र राष्ट्र हरेक क्षेत्रका लागि समान महत्त्व र आवश्यकताका छन् । त्यसकारण नारीजातिको अस्तित्वलाई समाजले स्वीकार गर्नुपर्छ । लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाज निर्माण हुनुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०७४). *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना.* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०६७). 'उत्तरआधुनिकतावाद र नारीवाद' *भृकुटी.* (पूर्णाङ्क : १०, माघ, फागुन, चैत्र), पृ. ४५८-४६४ ।

त्रिपाठी, सुधा (२०६२). 'समानान्तर आकाश' खोज्ने अभियन्तासँग लोली मिलाउँदै (भूमिका)' पद्मावती सिंहकृत *समानान्तर आकाश.* ललितपुर : साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६२). 'समानान्तर आकाश : समानान्तर जीवनको चाहना (भूमिका)' पद्मावती सिंहकृत *समानान्तर आकाश.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र, (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, लीला (२०६७). 'नारीवादी लेखनका सन्दर्भमा नेपाली महिला साहित्यकार' *भृकुटी.* (पूर्णाङ्क : १०, माघ, फागुन, चैत्र), पृ. ३९९-४०७ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, पद्मावती (२०६२). *समानान्तर आकाश.* ललितपुर : साझा प्रकाशन ।